# मुस्लिम महिलाहरूका लागि केही महत्वपूर्ण ज्ञानवर्धक कुराहरू

[ **नेपाली -** Nepali - نيبالي ]

**अतीकुर्रहमान मो.इदरीस खान मक्की**

**संशोधकः मुहम्मद इदरीस सलफी**

2014 - 1435

IslamHouse.com

# بعض الأمور المهمة للمرأة المسلمة

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة: محمد إدريس سلفي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदो अल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दुहु व रसूलुहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गर्‍यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले मुस्लिम महिलाहरूको लागि केही महत्वपूर्ण ज्ञानवर्धक कुराहरू वर्णन गर्नुको साथ साथै उनीहरू संग सम्बन्धित समस्ययाहरूको वर्णन र त्यसको समाधान कुरआन र हदीसको प्रकाशमा प्रस्तुत गरेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुर्‍याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)

लेखक
अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा
तौलिहवा कपिलवस्तु नेपाल
मो.नं. ००९७७–९८४७०३०७८०
**Mob.00977-9727649238**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

पूर्ण विश्वमा आज वर्तमान कालमा महिलाहरूलाई निवस्त्र गर्ने षडयन्त्र चलिरहेको छ, र महिलाको हक अधिकारलाई हनन् गर्ने दुसहास र दुष्प्रयास केही पाखण्डीहरू द्वारा भइरहेको छ ।

र विशेषगरी मुस्लिम महिलाहरूलाई अश्लीलतातिर आमंत्रित गर्ने कार्य हाम्रो समाजमा प्रगतिशील छ । र उनीहरूको मान सम्मान मानोवैज्ञानिक र मौलिक, समाजिक एवं वैधानिक अधिकारलाई बलपूर्वक खोसेर मुस्लिम महिलालाई आफ्नो वासनाको र हवसको पूर्ति गर्नुको निम्ति अनेकौं प्रकारका षडयंत्र केही चरित्रहीन र मानवताका शत्रुहरू द्वारा भइरहेको छ । र यी पाखण्डीहरू महिलाहरूलाई जुन स्वतन्त्रतातिर आमंत्रित गरिरहेका छन् वास्तवमा त्यो स्वतन्त्रताको ओट र आडमा आफ्नो उत्तेजित वासनाको पूर्ति चाहन्छन् । र यस बाहेक यी पाखण्डीहरूको अरु केही उद्देश्य छैन, यसै कारण मैले यस सानो पुस्तिकामा इस्लामीय महिलाको उचित स्थान र उनीहरूको प्राकृतिक, मौलिक र वैधानिक हक अधिकारको चर्चा गर्ने आंट गरेको छु । र मैले आफ्नो यो सानो पुस्तिकामा महिलाहरूको सम्बन्धमा लेखिएका विभिन्न पुस्तकहरूको सार प्रस्तुत गर्ने प्रयास गरेको छु, र सबै कुरालाई सहज तरिकाले प्रमाणीकरण गर्ने प्रयत्न गरेको छु । आशा छ यो किताब तपाईलाई लाभ पुऱ्याई मेरो मुक्तिको कारण बन्ने छ । वास्तवमा महिलाहरुका समस्याहरु धेरै छन्

र पुरुषहरुभन्दा भिन्न पनि छन् यसले गर्दा मैले महिलाहरुको लागि विशेषगरी यो किताब त्यार पारेको छु, त हामी पहिला यस कुरातर्फ लागौं र विचार गरौं कि के महिला र पुरुषहरु बीच प्राकृतिक भिन्नता छ कि छैन ध्यान दिनुस् !

# के वास्तवमा महिला र पुरुष बीच प्राकृतिक भिन्नता छ ?

वास्तवमा दुवै आदम र हव्वाका सन्तति मध्येका हुन् त यस दृष्टिकोणले महिला र पुरुषमा कुनै भिन्नता छैन । किनकि दुवै मानवजाति मध्येका हुन् अर्थात दुवै मनुष्य हुन् । तर लिंगको आधारमा दुवै भिन्न छन् यसलाई सबै बुद्धिजीविहरू र विद्हरू मान्छन्, र उनीहरूको शारीरिक बनावट पनि मान्छेभन्दा भिन्न नै हुन्छ यो कसैसित लुकेको कुरा होइन ।

र इस्लामीय दृष्टिले महिला र पुरुष बीच प्राकृतिक भिन्नतामाथि ईमान राख्नु अनिवार्य छ । किनकि पुरुष र महिला बीच शारीरिक र प्राकृतिक एवं वैधानिक भिन्नता अकल बुद्धि र इस्लामीय विधानद्वारा प्रमाणित छ । जस्तोकि अल्लाहले हामीलाई यो सुसमाचर दिएछ कि त्यसले यो संसारमा भएका समस्त मानवजातिको रचना दुई भिन्नजाति पुरुष र महिलाद्वारा गरेको छ । अल्लाहको फर्मान छ :

अर्थ : हे मानिसहरू ! हामीले तिमीहरू सबैलाई एउटै पुरुष र एउटी स्त्रीबाट सृष्टि गर्‍यौं र तिमीलाई जातविरादरी र कबिलाहरू (समूहरू) को रूप दियौं, ताकि तिमीले एक अर्कालाई चिन्न सक । (वास्तवमा) अल्लाहकहाँ तिमीमध्ये सर्वाधिक प्रतिष्ठित त्यो हो जो कि तिमीहरूमध्ये (अनुचित कर्मबाट) बढी भय गर्नेवाला हुन्छ । निश्चय नै अल्लाह सबै कुरा जान्दछ, ऊ सर्वज्ञ छ । ( सूरतुल् हुजुरात १३ )

र स्त्री एवं पुरुषका शारीरिक भिन्नता यस्तै प्रष्ट छन् जसरी रात्री र दिन, यस्तै यी दुवैका कार्यहरू पनि भिन्न छन्, जसरी

गर्भ धारण गर्ने कार्य महिलाको हो किनकि अल्लाहले गर्भाष्य मात्र महिलाको शरीरभित्र राखेको छ पुरुषको शरीरमा यो तत्व राखिएको छैन । यस्तै युद्धको लागि मान्छे प्रयाप्त छ महिला यसलाई गर्नुमा सूक्ष्म छैन बरु युद्धमा पुरुष नै निपुण मानिन्छ ।

अर्थात: महिला र पुरुष यस संसारको संचालनमा दुई पहियाको भूमिका निर्वाह गरिरहेका छन्, तर यिनी दुवैको शारीरिक र प्राकृतिक भिन्नता प्रष्ट छ। र यसमाथि धेरै कुरा गर्नुको कुनै अवश्यकता छैन यस्तो मलाई लाग्छ। कुरआनमा यस भिन्नतालाई यसप्रकार प्रष्ट पार्दै इम्रानकी स्वास्नीको वृतान्त वर्णन गरिएको छ :

अर्थ : (स्मरणीय छ) जब इम्रानको स्वास्नीले भनिन् कि हे पालनकर्ता ! जुन (शिशु) मेरो गर्भमा छ, त्यसलाई म तिम्रो नाममा आजाद(स्वतन्त्र) गर्दछु । त्यसलाई तिमी मेरो तर्फबाट स्वीकार गर । निश्चयनै तिमी सबै सुन्ने (र) सबै जान्ने वाला हौ । जब तिनले छोरी जन्माइन, त तिनले भन्न थालिन कि हे पालनकर्ता ! मैले त छोरी पाएकी छु। र जे जन्मएको थियो, त्यो अल्लाहलाई थाहा नै छ। र छोरी छोरा जस्तो हुन सक्दैनथ्यो। मैले उसको नाम मरियम राखेको छु र मैले उसलाई र उसको सन्तानलाई तिरस्कृत शैतानबाट मुक्त राख्न् तिम्रो शरणमा दिन्छु। ( सूरतु आले इम्रान ३५,३६ )

यसै कारण इस्लामीय विधानमा केही निर्देशनहरूमा त दुवै समान छन् त कसैमा पुरुषलाई प्रधानता प्राप्त छ त केहीमा महिलालाई प्रधानता दिइएको छ। यसको कारण उनीहरूको

आत्मिक र प्राकृतिक र मानोवैज्ञानिक एवं शारीरिक भिन्नता नै हो ।

संसारको संचालनमा, अल्लाहको पूजामा, र पुण्य पापमा दुवै बीच कुनै भिन्नता छैन । तर केही कुरा र निर्देशनको पात्र हुनुमा दुवै बीच भिन्नता छ । जसरी धर्मयुद्ध पुरुषमाथि अनिवार्य छ, किनकि पुरुष महिलाबाट शक्तिशाली र कुटनीतिज्ञ एवं कठोर हुन्छ, र कठिनभन्दा कठिन परिस्थितिमा पनि धैर्य धारण गर्नुमा सूक्ष्म हुन्छ । तर महिला यस्तो गर्न सक्दैन, यसैकारण महिलामाथि धर्मयुद्ध अनिवार्य छैन । पुरुष रमजान महिनाको पूर्ण व्रत बस्छ, तर महिला रजस्वला ( मासिक धर्म ) को कारण त्यस अवस्थामा नत व्रत बस्न सक्छे नत नमाज कायम गर्न सक्छे । महिलाको हृदय कोमल र भावक हुनुको कारण शिशुको पालनपोषणको जिम्मेवारी इस्लामले महिलालाई प्रदान गरेको छ, र सन्तानहरू माथि आमाको अधिकार पिता भन्दा तीन गुणा बढी बताएको छ । यो प्रधानता कसै पितालाई प्राप्त छैन ।

भन्नुको तात्पर्य योकि दुवै वीच वैधानिक र शारीरिक भिन्नता प्रष्ट छ । र यसमाथि आस्था राख्नु अति आवश्यक छ किनकि यसमा आस्था नराखिकन् मनुष्य पथभ्रष्ट हुनसक्छ र अरुको फकाईमा आउन सक्छ । यसको यो अर्थ कदापि होइन कि पुरुष महिलाबाट प्रधान छ बरु दुवैलाई उनीहरूको कार्यशैली अनुसार एकआर्का माथि प्रधानता प्रदान गरिएको छ किनकि अल्लाहले नै दुवैलाई सृष्टि गरेको छ र उनीहरूको लागि कर्महरू निर्धारित गरेको छ त उस निर्माता भन्दा अधिक तिनीहरूबारे कसलाई ज्ञान हुनसक्छ यसर्थ उसैले दुवैको

क्षमता अनुसार उनी बीच प्रधानता पनि वितरण गरेको छ जसलाई मैले अघि नै प्रष्ट पारिसकें ।

अब प्रश्न यो उठछ कि यदि कुनै मान्छे स्रष्टाले दुवै बीच कार्यशैलीलाई विभाजित गरिदिएकोमा विकार वा त्यसलाई यताउता गर्न खोजोस् भने के त्यो विद्रोही घोषित हुन्छ ? हो त्यो अन्यायी र विद्रोही नै घोषित हुनेछ तर वास्तवमा कुरो यो छ कि कुनै पनि मान्छे त्यस अल्लाहले बनाएको नियम कानूनमा कुनै परिवर्तन गर्ने क्षमता राख्दैन । मनुष्यले जति परिश्रम गरेर पनि अल्लाहले बनाएको कानूनलाई कण बराबर पनि परिवर्तित गर्न सक्दैन र नत प्राकृतिक कार्यमा दखल दिनसक्छ । र यसलाई यसो बुझ्नुस् कि कुनै मान्छे यदि चाहोस् कि त्यसलाई पनि स्त्री झैं रजस्वला अर्थात मासिक धर्म आउन थालोस् भने यसको लागि त्यसले जति पनि जतन गरोस् र जति पनि प्रयास गरोस् यस्तो हुनेवाला छैन । यस्तै कोही यो चाहोस् कि त्यो पनि स्त्रीहरू झैं शिशु जनमाओस् त यो पनि सम्भव छैन किनकि यो सबै कार्य प्राकृति विरुद्ध छन् अर्थात त्यस मान्छेसित ती अंगहरू नै छैनन् जसद्वारा यो सम्भव होस् ।

त उपरोक्तका कुराहरूबाट प्रष्ट यो हुन्छ कि यस संसारको स्रष्टाले यससंसारलाई प्रचलित रहीरहनुको लागि जुन विधान र कानून लागू गरेको छ त्यसको अतिक्रमण कुनै पनि व्यक्ति गर्न सक्दैन चाहे पूरा संसार एकत्रित किन नभइजाउन् ।

यसकारण जसलाई जे प्रदान गरियो त्यसैको सीमाभित्र रही कर्म गर्नु नै हाम्रो परम् कर्तव्य हो, र यो नै हाम्रो जीवनको उद्देश्य हो । र यसैद्वारा हाम्रो समाज र राष्ट्रको कल्याण

हुनसक्छ । र जसले पनि प्राकृतिको उल्लंघन गर्न खोज्छ त्यसको जीवन नर्क भइहाल्नेछ। र त्यसको अन्तिम परिणाम अति भयानक हुनेछ जस्तोकि विगतमा सीमा अतिक्रमणकारीहरूको भयो जस्तोकि अल्लाहले लूत अलैहिस्सलामका समुदायको वृतान्त वर्णन गरेको छ जुन आफ्नो वास्ना महिलालाई छाडी पुरुषबाट पूर्ति गर्दथे अल्लाहको भनाई छ :

अर्थ : जब हाम्रा फरिश्ताहरू (स्वर्गदूत) "लूतको" छेउमा पुगे त उनी त्यसबाट धेरै दु:खी भए र मनैमनमा असजिलो मान्दै भन्न थाले कि आजको दिन बडो गाह्रो दिन छ। र लूतको कौमका मानिसहरू उनीतर्फ दौडेर आए । र यिनीहरू अघि देखिनै अश्लीलकर्म गर्ने गर्थे । लूतले भने: "कि हे मेरो कौमका मानिसहरू यी मेरो छोरीहरू हुन् जो तिम्रा निम्ति पवित्र छिन्, तसर्थ अल्लाहसित डर र मेरा पाहुनाहरूको बारेमा मलाई अपमानित नगर । के तिमीहरूमध्ये कोही पनि भलो मान्छे छैन ? तिनीहरूले भने:, "तिमीलाई राम्ररी थाहा छ कि हामीलाई तिम्रो छोरीहरूको कुनै हक-अधिकार छैन, र जुन हाम्रो वास्तविक उद्देश्य छ त्यो सित तिमी राम्ररी अवगत छौ ।" लूतले भने: काश ! ममा तिमीसँग मुकाबिला गर्ने शक्ति भइदिए अथवा मैले कुनै बलियोको शरणमा भइदिएको भए ( राम्रो हुने थियो) । अब फरिश्ताहरूले भने: "हे लूत ! हामी तिम्रा पालनकर्ताले पठाएका फरिश्ताहरू हौं । यी मानिसहरू कहिल्यै पनि तिम्रो समीपमा पुग्न सक्ने छैनन्, तसर्थ रातको केही भाग बाँकी रहँदा तिम्रो स्वास्नी बाहेक, आफ्ना घरवालालाई लिएर बाहिर निस्किहाल, र तिमीमध्ये कुनै पनि

व्यक्तिले, पछाडितिर नहेर्नु । किन भने यसलाई पनि उही आउने वाला छ जो यि सबैसम्म पुग्ने छ। यिनको (अजाबको) निर्धारित समय प्रातः हो र के प्रातः नजिक छैन ?" तसर्थ जब हाम्रो आदेश आयो, त हामीले त्यस बस्तीलाई, माथिको भाग तल गरिदियौ, र तिनीहरूमाथि पत्र-पत्र गरी ढुङ्गा बर्सायौं । ती सबै ढुङ्गामाथि तिम्रो पालनकर्ताको तर्फबाट निशान लगाइएको थियो र त्यो (शहर मक्काको) अत्याचारीहरूबाट केही टाढा पनि छैन । ( सूरतु हूद ७७-८३ )

तसर्थ स्त्रीको दायित्व हो घर र बच्चाहरूको देखरेख र पालनपोषण गर्नु, र लोग्नेको धनसम्पत्तिको हेरचाह गर्नु । र घर गृहस्थीका जति पनि कार्य छन् सबै स्वास्नीको कर्तव्यको सीमाभित्र आउँछन् । यस्तै पुरुषको दायित्व हो आफ्नो पत्नी र बच्चाहरूको रक्षा गर्नु, उनीहरूको मानसम्मानको रक्षा गर्नु, उनीहरूको लागि जीविका खोजेर ल्याउनु, उनीहरूको दैनिक अवश्यकता पूर्ण गर्नु ... आदि । यदि दुवैजना अआफ्नो दायित्वलाई निर्वाह गर्छन् भने यस परिवारको प्रगति र उन्नति सुनिश्चित भइहाल्छ, र तत्पशचात समाज र देशको पनि उन्नति हुनेनै छ । एउटा प्रख्यात हदीसमा वर्णन छ :

अर्थ : प्रत्येक मान्छे व्यवस्थापक (देखरेख गर्नेवाला) हो प्रत्येकसित त्यस अधीन भएकाहरूबारे सोधपूछ हुनेछ, हाकिम प्रजाको व्यवस्थापक हो त्यससित यसबारे सोधपूछ अवश्य हुनेछ, र लोग्नेमानछे आफ्नो परिवारको व्यवस्थावक हो त्यससित यिनीहरूको बारेमा सोधपूछ हुनेछ, र श्रीमती

आफ्नो श्रीमानको घरको व्यवस्थापक हो त्यससित यसबारे सोधपूछ हुनेछ .... । ( बुखारी , मुस्लिम )

ठीक यसै प्रकार इस्लामीय विधानका सम्पूर्ण निर्देशनहरूमा जसको लागि जे तोकिएको छ त्यसमाथि आस्था राख्नु, र त्यसै बमोजिम कार्यगरी नै स्वर्गको प्राप्ति हुनसक्छ ।

अल्लाहले दूतत्वको लागि पुरुषलाई मनोनीत गरेको छ, र माताको पाइला मुनि स्वर्ग छ यस धराणालाई स्त्रीसित विशेष गरेको छ । अब हामीलाई यो टिप्पणी गर्न मिल्दैन कि अल्लाहले यस्तो किन गरेको छ। ऊ त सबैको स्रष्टा हो ऊ सर्व ज्ञानी र सर्वगुण सम्पन्न छ उसलाई भलिभाँति यो थाहा छ कि हामीहरूको हक अधिकार कस्तो हुनुपर्छ। यसले गर्दा हाम्रो स्रष्टाले जुन सीमारेखा हाम्रो लागि निर्धारित गरेको छ त्यसमाथि आस्था राख्नु र त्यसै बमोजिम कर्म गर्नु नै हाम्रो परम् कर्तव्य हो ।

# महिलाहरूका केही वैध अवैध कार्यहरूको वर्णन

त उपरोक्तका कुराहरूबाट यो सिद्ध हुन्छ कि पुरुष र महिलाको शारीरिक र प्राकृतिक शक्ति र क्षमतानुसार नै अल्लाहले उहाँहरूलाई निर्देशन दिएको छ । त्यसमध्ये केही बहुचर्चित कुराहरूको चर्चा अगाडि गरिरहेको छु, जसको सम्बन्ध महिलाहरूको जीवनशैलीबारे छ। आशा छ कि हाम्रा दिदी बहिनीहरूलाई लाभ पुगोस् ।

इस्लामीय विधानानुसार महिलाको कार्य घर गृहस्थी हो घरको कामकाज गर्नु त्यसको दायित्व हो, र बिना आवश्यकता घरबाट बाहिर निस्कनु अवैध छ। अल्लाहको फर्मान छ :

अर्थ : र आफ्नो घरमा राम्रो संग बसिराख र विगत अज्ञानकाल जस्तो सज-धज गरी नदेखाऊ । नमाजको आयोजन गर्दै गर जकात दिने गर। र अल्लाह र उसको रसूलको आज्ञा पालन गर । हे पैगम्बरका घरवालीहरू अल्लाह चाहन्छ कि तिमीबाट (सबै प्रकारको) फोहोरलाई टाढा राखोस्, र तिमीलाई पूर्ण रूपले पवित्र राखोस् । र तिम्रा घरहरूमा जुन अल्लाहका आयतहरू र रसूलका हदीसहरू पढिन्छन् तिनको चर्चा गर्ने गर । निश्चय नै अल्लाह अत्यन्त सूक्ष्मदर्शी, जानकार छ। बिना सन्देह मुस्लिम पुरुष र मुस्लिम स्त्रीहरू, ईमानवाला पुरुष र ईमानवाली स्त्रीहरू, निष्ठापूर्वक, आज्ञापालन गर्ने पुरुष र निष्ठावान स्त्रीहरू, र सत्यवादी पुरुषहरू र सत्यवादी स्त्रीहरू, धैर्यवान् पुरुषहरू र धैर्य गर्ने स्त्रीहरू, विनम्रता देखाउने पुरुषहरू र विनम्रता देखाउने स्त्रीहरू, सद्का (दान) दिने पुरुष, र दान दिने स्त्रीहरू, रोजा (

व्रत) बस्ने पुरुष र रोजा बस्ने स्त्रीहरू, आफ्ना गुप्ताङ्गहरूको रक्षा गर्ने पुरुष र रक्षा गर्ने स्त्रीहरू र अल्लाहलाई धेरै स्मरण गर्ने पुरुष र स्मरण गर्ने स्त्रीहरू यिनीहरूका निम्ति अल्लाहले क्षमा र ठूलो प्रतिफल तयार गरेको छ। र हेर कुनै मोमिन् पुरुष र मोमिन स्त्रीलाई जब अल्लाहले र उसका रसूलले कुनै कुराको फैसला निर्धारित गरिदिन्छन्, त उनीहरूको यस काममा अन्यथा केही हक बाँकी रहँदैन। जोसुकैले अल्लाह र उसको रसूलको अवज्ञा गर्नेछ, त्यो स्पष्टरूपले मार्ग विचलित भइहाल्यो। ( सूरतुल् अहजाब ३३-३६ )

त जुनकुराको आदेश गरियोस् त्यसैमा सुदृढ रहनु नै उचित छ त्यसको उल्लंघन गर्नु पथविचनल हो जस्तोकि उपरोक्तका आयतहरूबाट प्रष्ट भयो, घरमा बस्ने आदेश छ भने अनावश्यक बाहिर जानु महिलाहरूको लागि घातक छ।

यस्तै श्रृंगार गरेर र सुगन्ध प्रयोग गरेर बिना परदा बाहिर निस्कनु सख्त मिनाही छ। यसले गर्दा यदि अवश्यकता छ भने बिना श्रृंगार नै जानु र परदाको आयोजना अवश्य गर्नु। अन्यथा अल्लाह र रसूलको उल्लंघनकारीहरूमा तिम्रो नाम पनि शम्मिलित हुनेछ। तर घरमा बसेर जे मनमा आए श्रृंगार गर्न सक्नुहुनेछ यसको अनुमति छ र सके सम्म आफ्नो स्वामीलाई आकार्षित गर्नुको लागि राम्रो श्रिंगार गर्नु यो इस्लामीय विधान अनुकूल छ रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : सर्वोत्कृष्ट स्त्री ( स्वास्नी ) त्यो हो जसलाई हेरेर तिमी प्रसन्न भइजाऊ, र जब त्यसलाई कुनै आदेश गर त तुरुन्तै त्यसको पालना गरोस्, र जब तिमी यात्रामा जाऊ त तिम्रो

माल र इज्जतको रक्षा गरोस् । ( मुस्नद अहमद, सुनने नेसाई, मुस्तदरक हाकिम )

त यस्तो श्रृंगार गर्नुको आदेश छ कि श्रीमानले हेरे बित्तिकै प्रसन्न भइहालोस् तर यो घरमै गर्नु विशेष छ ।

यस्तै बच्चाहरूको देखरेख पालनपोषण गर्नु, उनीहरूको सिक्षा दिक्षा गर्नु, घरमा बसी कुनै सीपको कार्य जसरी सिलाई कढाई वा पेन्टिङ्ग गर्नु .... आदि । यो सबै घरमा बसेर गर्नुमा कुनै बन्देज छैन । बरु यस्तो कम्पनी जसमा समस्त कार्यकर्ता महिला नै हुन् त्यसमा पनि गएर कार्य गर्नुमा कुनै आपत्ति छैन । तर घर बाहिर निस्केर पुरुषहरूको साथ काम गर्नु अवैधानिक छ र इस्लामी महिलाको लागि यो उचित छैन । यसले गर्दा म आफ्नो दिदी बहिनीहरूसित आग्रह गर्दछुकि अल्लाहले र अल्लाहका रसूलले निर्धारित गरेका सीमा उल्लंघन नगरी आफ्नो जीवन व्यतीत गरुन्, अल्लाह हामी सबैलाई सीमामा रही कार्य गर्ने शक्ति प्रदान गरुन् । ( आमीन )

यस्तै इस्लामीय विधानानुसार अप्रचित मान्छेसित मेलमिलाप गर्नु मुस्लिम महिलाको लागि हराम छ, र यस्तै पुरुषकोलागि पनि हराम छ कि कुनै अजनबी ( अप्रचित ) महिलासित कुनै प्रकारको सम्बनध राखोस् । अजनबी र अप्रचित शब्दको इस्लामीय परिभाषा यो हो : ती सबै मान्छेहरू जससित निकाह गर्नु वैध छ । अब चाहे त्यो तपाईको दूरको आफन्ती र तपाईको छिमेकी किन नहोस् त्यो तपाईको लागि अजनबी नै हो यसको अर्थ यो होइन कि जसलाई तपाई चिन्नुहुन्न यो परिभाष इस्लामीय विधान विरुद्ध छ, यसले गर्दा यसकुरालाई

राम्ररी बुझिहाल्नुस् तपाईको लागि ती समस्त पुरुषहरू अजनबी र अप्रचित हुन् जुन्सित तपाईको निकाह विवाह वैध छ ।

तात्पर्य यो कि कुनै अजनबी मानछेको माझमा गएर कार्य गर्नु वा त्यससित कुनै अवैध सम्बन्ध राख्नु अवैधानिक छ । कारण हो यसै मेलमिलापबाट हाम्रो समाजमा व्यभिचार र बलात्कारको तापमान बढेको छ यसै घृणित कार्यको रोकको लागि यो विधान लागू गरिएको हो ।

इस्लाम मात्र कुनै कार्यलाई वर्जित गर्दैन बरु त्यस सम्म पुर्याउने समस्त स्रोतहरूलाई पनि वर्जित गरिदिन्छ यो नै इस्लामको महानता हो । इस्लामले व्यभिचार र बलात्कारलाई हराम भनेछ त त्उसको साथसाथै अजनबीसित मेलमिलापलाई पनि अवैधानिक ठहर गरेको छ, किनकि यसैबाट व्यभिचारको किटाणु अविष्कृत हुन्छ । र यसको साथसाथै व्यभिचार गर्ने मानछे र महिलालाई ठूलो दण्डदिने आदेश गरेको छ, अर्थात अविवाहितलाई कोर्रा लगाउने, र विवाहितलाई ढुंगा हानेर मारिने आदेश छ । अल्लाहको फर्मान छ :

अर्थ : व्यभिचारिणी र व्यभिचारी, स्त्री, पुरुष यी दुवैलाई सय-सय कोर्रा हान र अल्लाहको धर्मको विषयमा तिमीलाई दया नआओस् यदि तिमी अल्लाह र अन्तिम दिनलाई मान्दछौ, र उनीहरूलाई दण्ड दिने बेलामा मुस्लिमहरूको एक समूह त्यहाँ उपस्थित हुनुपर्छ । ( सूरतुन्नूर २ )

र हदीसमा वर्णन छ :

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो अविवाहति व्यभिचारी र व्यभिचारिणीलाई १०० कोर्रा

लगाइयोस् र एक वर्षको लागि देश निकाला गरियोस्, र विवाहित व्यभिचारी र व्यभिचारिणीलाई १०० कोर्रा लगाइयोस् र ढुंगा मारेर उनीको वध गरियोस् । ( सहीह मुस्लिम हदीस नं. १६९० )

र आर्को हदीसमा छ :

अर्थ : अबू हुरैरह वर्णन गर्नुहुन्छ कि एउटा मान्छे रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष मस्जिदमा आई भनयो: हे अल्लाहका रसूल मैले व्यभिचार गरें, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यसतर्फबाट आफ्नो मुख फर्काए र यस्तै त्यो चार पटक भन्दै रह्यो तर रसूल सल्लल्लाहो अलैहे वसल्लम त्यसको तर्फबाट मुख फर्काउदै रहे अनि भने: के तिमी बहुलहा छौ पागल छौ? त तयसले भन्यो: होइन म पागल छैन, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भने: के तिमी विवाहित छौ: त त्यसले भन्यो: हो म विवाहित छु, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो यसलाई लिएर जाऊ र यसको ढुंगाबाट मारेर वध गरिहाल् । ( बुखारी, हदीस नं. ६४३०, मुस्लिम हदीस नं. १६९१ )

त उपरोक्त प्रमाणहरूबाट यो प्रष्ट भयो कि यदि यो कुकर्म कुनै विवाहितले गरेमा त्यसलाई रज्म अर्थात वध गरिनछ र यदि अविवाहितले यो कुकर्म गरेको छ भने त्यसलाई शय कोर्रा हानिनेछ ।

र आर्को कुरो के छ भने यस व्यभिचार र बलात्कारलाई रोक्नुको लागि इस्लामले यो आदेश पनि दिएको छ कि यदि केटा केटी युवा र बालिग भइसकेका छन् भने तुरुन्तै उनीहरूको विवाहको आयोजना गरियोस् जसले गर्दा उनीहरू

वैध तरिकाले आफ्नो शारीरिक उत्तेजनालाई शान्त गरुन् र आफ्नो वासनाको आगोलाई निमाउन् । र अवैध तरिकाको कामना र कल्पना पनि नगरुन् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : हे युवकहरूको समूह ! तिमी मध्ये जसलाई पनि विवाह गर्ने क्षमता र शक्ति प्रयाप्त छ भने त्यसले विवाह गरिहालोस्, किनकि विवाह तिम्रो दृष्टि र गुप्ताङ्गको रक्षा गर्छ, र जसलाई विवाह गर्ने क्षमता छैन त त्यो व्रत बसोस् किनकि व्रत त्यसको लागि ढाल (परिधान) हो । ( अर्थात व्रत कामलाई मार्छ ) ( बुखारी, मुस्लिम )

र आर्को हदीसमा छ :

अर्थ : यदि कुनै यस्तो मान्छे तिमीहरू समक्ष विवाहको निमन्त्रण लिएर आउँछ जसको आचरण र दीनदारीबाट तिमी सनतुष्ट छौ भने त्यसको विवाह गराइदेऊ यदि यस्तो गरेनौं भने यस संसारमा ठूलो उपद्रव र विद्रोह उत्पन्न हुनेछ । ( सुनने तिर्मिजी )

र विवाह मात्र वासनाको पूर्ति र कामको शान्तिको लागि गरिदैन बरु यसका अरु उद्देश्यहरू छन्, जसरी सन्तानको आनन्द, वंशको अधिकता, संसारमा मानवजातिको निरंतरता, वंशको सुरक्षा, र सबै भन्दा ठूलो कुरो के छ भने रसूल सल्लल्लाहो अलैहे वसल्लमको गौरवलाई निरंतरता दिनु र त्यसमा सहभागि हुनु किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : मायालु र धेरै बच्चा जन्माउने वाली स्त्रीहरूसित विवाह गर किनकि प्रलयको दिन म आफ्नो उम्मती (

अनुयायी ) हरूको अधिक संख्यामा गर्व गर्ने छु । ( अबू दाऊद, नेसाई, अहमद )

र विवाह गर्नु र उनुचित मेलमिलाप नगर्नुको फाइदाहरू मध्ये यो पनि हो कि हाम्रो समाज र देश व्यभिचार र बलात्कारबाट सुरक्षित भइहाल्छ ।

# परदा मुस्लिम युवतीको विशेष वस्त्र

इस्लाममा परदाको स्पष्ट हुकुम छ। र त्यसको उद्देश्य पनि स्पष्ट छ। तर केही मुसलमानहरू अनुहारलाई छोप्नेलाई परदामा शम्मिलित गर्दैनन् जबकि परदा, हिजाब,को शाब्दिक अर्थ नै घूँघट हो अर्थात शरीरको साथसाथै अनुहारलाई पनि छोप्नु। त जति मान्छेले यो भन्छन् कि अनुहार यसमा शम्मिलित छैन उनीलाई पथभ्रमित भन्नु मिल्दैन किनकि केही ठूलो विद्वानहरूले पनि यो नै भनेछन् तर यो व्याख्या परदाको उद्देश्य अनुकूल छैन बरु यो व्याख्या निराधार अवश्य छ यसले गर्दा कोही यो न भन्न खोजोस् कि यदि कुनै विद्वानले कुनै कुरा भनेको छ भने त्यो सत्यमा नै आधारित छ। किनकि सबै मनुष्य हुन् के सानो के ठूलो जब सहाबाहरूसित त्रुटि हुनसक्छ त विद्वानको त कुरै नगर्नुस्। किनकि समस्त मुसलमानहरूको यस कुरामा एकमत छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम बाहेक यस संसारमा कुनै पनि व्यक्ति दोषमुक्त छैन चाहे त्यो इमाम होस् वा महाविद्वान। यसले गर्दा कुनै पेटपालू मोल्वी तपाईलाई भ्रमित नगरोस् कि परदा भनेको अनुहार छोप्नु होइन किनकि परदाको मूल उद्देश्य नै महिलाको शरीर र सुन्दरतालाई गोप्य राख्नु हो, यदि अनुहार नै खुल्ला छ भने परदाको कुनै अर्थ नै बाँकी रहदैन, किनकि सुन्दरता वास्तवमा अनुहार बाटै थाहा हुन्छ र अनुहार नै मानछेलाई मोहित पारी व्यभिचार तर्फ उत्तेजित गर्छ। यसले हे हाम्रा दिदीबहिनीहरू अनुहारलाई अवश्य छोप्नु होला

परदाको असल नियम र उद्देश्य यो नै हो । र यसको विवरण अगाडि पनि गर्ने छु ।
परदालाई अरबीमा अल् हिजाब भनिन्छ जसको शाब्दिक अर्थ हो ढाँक्नु, छोप्नु .. आदि ।

# महिलाको वैधानिक परदाको अर्थ

महिलाको वैधानिक परदाको अर्थ हो : महिलाले आफ्नो सम्पूर्ण शरीर र श्रृंगारलाई छोप्नु । अर्थात कुनै पनि अजनबी र अप्रचित व्यक्ति उनीहरूको शरीरको कुनै अंग र कुनै श्रृंगार हेर्न नसकोस् त्यस श्रृंगार बाहेक जुन आफै जाहेर भइहालोस् । र परदा दुई प्रकारका छन् : एउटा यो हो कि घरमा बसिराखुन् कि कोही पनि उनीलाई हेर्न नसकोस् । र आर्को यो हो कि यदि अवश्यकता परेमा घरबाट बाहिर निस्कुन् त सर्वथा परदा भई निस्कुन् कि कुनै अजनबी उनको कुनै अंग वा श्रृंगारलाई हेर्न नसकोस् ।

हाम्रो समाजमा र अधिकतम देशहरूमा **नकाब** र **बुर्का** नामक लुगा परदाको लागि प्रयोग गरिन्छ र तयो नै उचित छ । तर यदि त्यस बाहेक अरु कुनै लुगाबाट वैधानिक परदा गर्नसकिन्छ भने त्यसबाट परदा गर्नुमा कुनै आपत्ति छैन यदि त्यसबाट मूल उद्देश्य पूर्ण भइहाल्छ । परदाको बारेमा केही प्रमाणहरू हेर्नुस् !

१- अर्थ : हे नबीका स्त्रीहरू ! तिमीहरू आम स्त्रीहरू जस्तो होइनौ, यदि तिमी परहेजगार (संयमी) रहन चाहन्छौ भने, (व्यक्तिहरूसित) लोचपूर्ण कुरा नगर, कि त्यो व्यक्ति जसको हृदयमा कुनै प्रकारको रोग छ, कुनै नराम्रो विचार गरोस् ! र उनीहरूसित सामान्य रूपमा कुरा गर्ने गर । र आफ्नो घरमा राम्रो संग बसिराख र विगत अज्ञानकाल जस्तो सज-धज गरी नदेखाऊ । नमाजको आयोजन गर्दै गर जकात दिने गर । र अल्लाह र उसको रसूलको आज्ञा पालन गर । हे पैगम्बरका

घरवालीहरू अल्लाह चाहन्छ कि तिमीबाट (सबै प्रकारको) फोहोरलाई टाढा राखोस्, र तिमीलाई पूर्ण रूपले पवित्र राखोस् । ( सूरतुल् अहजाब ३२, ३३ )

२- अर्थ : हे ईमानवालाहरू नबीको घरमा अनुमति प्राप्त नगरेसम्म खानको लागि नजानु कि पाक्ने बेलासम्म प्रतिक्षा गर्नुपरोस् तर जब निमन्त्रण हुन्छ तब जाऊ र खाना खाइसकेपछि हिँडिहाल र त्यहीं कुराहरूमा अल्झेर नबस । तिम्रो यो कुराले पैगम्बरलाई कष्ट दिन्छ र उनी तिम्रो लिहाज मान्छन्, तर अल्लाह साँचो कुरा गर्न कसैको लिहाज गर्दैन । र जब तिमी नबीका पत्नीहरूसँग केही माँग्दछौ भने उनीहरूसित पर्दाको पछाडिबाट माँग । यो धेरै शुद्धताको कुरा हो, तिम्रा हृदयहरूका लागि र उनीहरूका हृदयका लागि पनि । तिम्रो निम्ति यो कुरा वैध छैन कि, तिमी अल्लाहका रसूललाई दुःख पुऱ्याऊ र न यो वैध छ कि उहाँ (नबी) पश्चात कहिल्यै उनका पत्नीहरूसित विवाह गर । याद राख निश्चय नै अल्लाहको दृष्टिमा यो गम्भीर अपराध हो । तिमीले चाहे कुनै कुरालाई व्यक्त गर वा त्यसलाई लुकाऊ, अल्लाहलाई त हरेक कुराको ज्ञान छ । ती स्त्रीहरूलाई आफ्ना बुबाहरूसित आफ्ना छोराहरूसित, र आफ्ना भाइहरूसित, र आफ्ना भतिजाहरूसित, र आफ्ना भान्जिहरूसित, र आफ्ना मेलका स्त्रीहरूसित र न उनीहरूसित जसलाई उनीहरूमाथि स्वामित्वको अधिकार प्राप्त छ पर्दा नगर्नुमा कुनै पाप छैन । स्त्रीहरू ! अल्लाहसित डर, निश्चय नै अल्लाह हरेक कुराको साक्षी छ । ( सूरतुल् अहजाब ५३-५५ )

३- अर्थ : हे पैगम्बर ! आफ्‌ना पत्नीहरू र आफ्‌ना छोरीहरू र ईमानवाली स्त्रीहरूसँग भनिदिनुस्‌ कि तिनीहरू आफुमाथि “आफ्ना च्यादर हाल्ने गरुन्‌” । यसबाट छिटै उनीहरू ( भद्रता)को पहिचान भइहाल्छ र उनले दुःख भोग्नु पर्दैन र अल्लाह बडो क्षमाशील, दयावान छ । ( सूरतुल्‌ अहजाब ५९ )

४- अर्थ : मोमिन पुरुषहरूसित भनिदिनुस्‌ कि आफ्‌नो दृष्टि तल राख्ने गरुन्‌ र गोप्याङ्गहरूको रक्षा गरुन्, यो उनीहरूको निम्ति बडो पवित्रताको कुरो हो । मानिसहरू जुन काम गर्छन, अल्लाहलाई त्यो सबै थाहा छ। र मोमिन स्त्रीहरूसित भनिदिनुस्‌ कि उनीहरूले पनि आफ्‌ना दृष्टिहरू तल राख्ने गरुन्‌ र आफ्‌नो पवित्रताको रक्षा गरुन्‌ आफ्‌ना श्रृंगार प्रकट नगरुन्, त्यसबाहेक जुन खुला रहन्छ र आफ्‌ना वक्षस्थललाई दुपट्टाहरूले छोपी राखुन्‌ र आफ्‌नो श्रृंगार कसैलाई प्रकट नगरुन्, आफ्‌ना पतिहरू वा आफ्‌ना बुबा वा आफ्‌नो पतिको बुबा वा आफ्‌नाछोरा वा आफ्‌ना पतिको छोरा वा आफ्‌ना खासै भाइहरू वा भतिजाहरू वा आफ्‌ना भानिजहरू वा आफ्‌नो मेलजोलका स्त्रीहरू वा जो लौंडीहरू र उनीहरूको अधिनस्त यस्ता पुरुषहरू जसमा स्त्रीको आवश्यकता हुँदैन, वा ती बच्चाहरू जो कि स्त्रीहरूको कुरोसित परिचित हुँदैनन्‌ तिनीहरू बाहेक । र आफ्‌ना खुट्टाहरू भूईमा बजारेर नहिड्नु कि उनीहरूको लुकेको श्रृंगार थाहा भइहालोस्‌ । र मोमिनहरू हो ! तिमी सबै अल्लाहको अगाडि प्रयाश्चित गर ताकि तिमी मुक्ति पाउन सक । ( सूरतुन्नूर ३०,३१ )

५- अर्थ : हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि सवारहरू अर्थात यात्रीहरू हामीहरूको नजिकबाट जान्थे यस अवस्थामा कि हामीहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा एहरामको अवस्थामा हुन्थें, त जब सवारहरू हामीहरूको नजिक आइपुग्थे त हामी महिलाहरू अआफ्ना अनुहारहरूलाई जिलबाब ( एक प्रकारको लुगा ) द्वारा छोपिलिन्थें, अनि जब सवारहरू हामीभन्दा दूर भइहाल्थे त हामीहरू अआफ्ना अनुहारलाई खोलिलिन्थें ( अहमद, अबू दाऊद, दारकुत्नी, बैहकी )

६- अर्थ : अस्मा बिन्ते अबी बक्रसित वर्णन छ कि हामीहरू आफ्नो अनुहारलाई पुरुषहरूबाट छोप्दथें ... । ( इब्ने खुजैमा, मुस्तदरक हाकिम )

७- अर्थ : उममे अतीयहबाट वर्णन छ कि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले सबै महिलाहरूलाई ईदगाहतिर जाने आदेश दिनु भयो तब हामीले उहाँसित सोधें कि हे अल्लाहका रसूल यदि कसै महिलासित परदा गर्ने लुगा ( जिलबाब) छैन भने त्यो ईदगाह कसरी जान्छे ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: आफ्नो बहिनी, सखी आदिको जिलबाब लगाएर जाओस् । ( बुखारी, मुस्लिम )

८- अर्थ : इब्ने मसऊदबाट वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: कि स्त्री साक्षात परदा हो, यदि तयो घरबाट बाहिर निस्कन्छे भने त्यसको साथ शैतान संलग्न भइहाल्छ, र त्यो स्त्री आफ्नो पालनहारको कृपा र दयाको निकट त्यस बखत हुन्छे जब त्यो स्त्री आफ्नो घरमा बसिरहन्छे । ( तिर्मिजी, इब्नेहिब्बान, तब्रानी )

९- अर्थ : इमाम अहमदले एउटा हदीस वर्णन गर्नु भएको छ कि महिलाको नङ्ग पनि परदा गर्ने योग्य छ, यदि महिला बाहिर निस्कन्छे भने आफ्नो शरीरको कुनै अंग जाहेर नगरोस्, र आफ्नो नंगलाई पनि लुकाओस् । ( अहमद )

र यसजस्ता अरु प्रमाणहरू कुरआन हदीसमा वर्णन छन् जसबाट इस्लाममा परदाको महत्व प्रष्ट हुन्छ, र यसलाई नअपनाएमा समाजमा उपद्रव उत्पन्न हुने भयको बोध हुन्छ। मान्नेलाई यति प्रमाण नै प्रयाप्त हुन्छ र नमान्नेलाई पूर्ण ग्रन्थ पनि केही लाभ दिदैन ।

सूरतुन्नूरमा अल्लाहले जुन भनेछन् कि " आफ्ना श्रृंगार प्रकट नगरुन्, " त यस श्रृंगारको वास्तविक अर्थ के हो ?

यसको सही र सत्य अर्थ असल कथनानुसार हो : त्यो सबै श्रृंगारहरू जुन महिलाहरू गर्छिन् वा लगाउँछिन्, चाहे त्यो लुगा होस् वा हार औठी होस्, त्यो सबै श्रृंगारमा शम्मिलित छन् ।

यस आयतबाट यो बोध हुन्छ र हामीलाई यो थाहा हुन्छ कि लुगा पनि श्रृंगार नै हो जुनकि आजको युगमा हामी हेरिरहेका छौं र यसको साथ ती सबै कुराहरू जुन आजको अधुनिक युगमा आधुनिक तरिकाले बनाइन्छ त्यो सबै श्रृंगारको सीमामा आउँछ । यसले गर्दा यसखालका समस्त वस्तुलाई लुकाउनु अनिवार्य छ। यसबाट यो सिद्ध हुन्छ कि अनुहारलाई छोप्नु अनिवार्य छ किनकि अनुहारमा लगाइएका अभूषणहरू त्यसबेला सम्म जाहेर नै रहन्छन् जबसम्म अनुहारलाई नछोपियोस् । यस्तै हातमा लगाइएका अभूषणहरू त्यसबेला सम्म जाहेर नै रहन्छन् जबसम्म हातलाई नलुकाइयोस् ।

कतिपय जना परदालाई दासत्व भन्छन्, र भन्छन् कि इस्लामले महिलाहरूको स्वतंत्रताको हक हनन् गरेको छ र पुरुषलाई त्यस्तै छाडिदिएछ तर उनीहरूलाई यो थाहा छैनकि पुरुषलाई पनि महिला झैं परदा गर्ने आदेश छ तर पुरुषको परदा गर्ने तरिका महिलाभन्दा भिन्न छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : कुनै पुरुष कुनै आर्काको गुप्ताङ्गलाई नहेरोस् । ( मुस्लिम)

र आर्को हदीसमा छ :

अर्थ : आफ्नो गुप्ताङ्ग आफ्नो दासीहरू र स्वास्नी बाहेक सबैबाट सुरक्षित राख ( लुकाऊ ) । ( इबने अबी शैबा )

र अल्लाहको फर्मान छ :

अर्थ : मोमिन पुरुषहरूसित भनिदिनुस् कि आफ्नो दृष्टि तल राख्ने गरुन् र गोप्याङ्गहरूको रक्षा गरुन्, यो उनीहरूको निम्ति बडो पवित्रताको कुरो हो । ... ( सूरतुन्नूर ३० )

यसबाट यो प्रष्ट हुन्छकि पुरुषलाई पनि परदा गर्ने आदेश छ तर उसको समस्त शरीर परदाको सीमामा आउँदैन बरु गुप्ताङ्ग र तिघ्रालाई लुकाउनु त्यसमाथि पनि अनिवार्य छ, र साथै दृष्टिलाई तल राखी युवतीहरूलाई नहेर्ने आदेश छ । तर यदि एकपटक बिना इच्छा व कामना उसको दृष्टि कुनै महिलामाथि पऱ्यो भने यो माफछ, तर बारम्बार हेर्नु हराम छ र यस्तो गर्नेवाला पापी घोषित हुनेछ । जस्तो कि हदीसमा वर्णन छ कि :

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो हे अली कसै युवतीलाई बारम्बार नहेर्नु किनकि तिम्रो लागि पहिलो पटक मात्र माफ छ । ( तिर्मिजी )

उपरोक्तका कुराहरूबाट यो प्रष्ट हुन्छकि ती सबै गतिविधिहरू जुन परदाको विरोधी छन् ती सबैमाथि इस्लामले रोक लगाएको छ ताकि हाम्रो समाज व्यभिचार र बलात्कारबाट पवित्र रहोस्, र एउटा स्वच्छ वातावर्णको निर्माण होस् ।

# परदा अनिवार्य गर्नुका केही रहस्यहरू

**इज्जत र सम्मानको सुरक्षा :** परदाबाट महिला र पुरुष दुवैको मानसम्मान र इज्जत सुरक्षित रहन्छ, र समाजमा उनीलाई सम्मानको दृष्टिले हेरिन्छ ।

**सुचरित्रता:** परदा अरु समक्ष यो कुरासिद्ध गर्छ कि परदा गर्ने महिलाहरू चरित्रवानछिन् र आफ्नो सतित्वको रक्षागर्नेवाली छिन्  र निर्लज्जताबाट कोसौं दूरछिन् ।

**हृदयको स्वछता:** परदाबाट महिला र पुरुष दुवैको हृदय स्वच्छ र पवित्र रहन्छ, र कसैलाई अशलीलता र निर्लज्जता गर्नुको अवसर मिल्दैन ।

**शैतानबाट सुरक्षा:** परदाबाट शैतानी कौतुहल्ताबाट सुरक्षा प्राप्त हुन्छ । यदि कसैको मनमा व्यभिचारको मनोकामनाको सृजना पनि हुन्छ भने यस परदाको कारण त्यो यस घृणित कार्यबाट सुरक्षित भइहाल्छ .. आदि ।

तर हे हाम्रा दिदीबहिनी ! जसको हृदयमा रोग छ त्यसलाई यो परदा सबैभन्दा ठूलो शत्रु देखिन्छ, र यो परदालाई आफ्नो मनोकामना पूर्तिगर्नुको बाटोमा सबैभन्दा ठूलो बाधा देखिन्छ । यसैकारण उनीहरूले जेभए पनि यस परदालाई महिलाहरूको तनबाट लुप्त गर्नको षडयन्त्र गर्दै रहन्छन्, र महिलालाई घरबाट बाहिर निकाल्नुको एकपछि आर्को योजना बनाइरहेका हुन्छन्, ताकि उनीहरूको वासनाको पूर्तिको माध्यम ठूलो मात्रामा प्रयाप्त होस् । र यसवापत जुन तरिकाहरू अपनाइन्छ त्यसमध्ये केही निम्न हुन:

महिलाहरूलाई परदालाई त्याग्ने कुरामा उत्तेजित गर्छन् । महिलाले पुरुषको लुगा लगाउनुलाई प्रगति र आधुनिक्ता भन्छन् । महिला र पुरुषलाई एकै साथ जनसभामा आउनेतर्फ आमन्त्रण गर्छन् । जीवनको प्रत्येक क्षेत्रमा महिलाको उपस्थितिमा जोर दिन्छन् जस्तोकि खेल, गाना, डांस्....आदि । र यस्ता धेरै कुराहरू र गतिविधिहरू छन् जसद्वारा उनीहरू महिलालाई निवस्त्र गरेर आफूसंगै राखी आफ्नो वासनाको पूर्तिको व्यवस्थामा लागेका छन् । र यो नै कारण हो कि समस्त हृदय रोगीहरूलाई इस्लामको स्वच्छता नराम्रो लाग्दछ, र उनीहरू स्वतन्त्रताको नाटक गरी यसको विरोधमा उतरेका छन् ।

हे दिदीबहिनीहरू हो ! के तपाईलाई थाहा छैन कि पुरुष र महिला यो संसारका दुई पहिया झैं छन् र दुवैको एउटा सीमारेखा निर्धारित छ त्यसबाट बाहिर निस्के पश्चात हाम्रो जिन्दगीमा प्रलय भइहाल्छ, र हाम्रो, र हाम्रो घरपरिवार र समाजमा विगार उत्पन्न हुन्छ ।

तपाई नै विचार गर्नुस् कि दिन र रात्रीको चक्रको दुई पहिया सूर्य र चन्द्र हुन् यदि चन्द्र दिनमा निस्कन चाहोस् र दिनलाई रात्रीमा परिणत गर्न चाहोस् भने के हुन्छ ?

यसले गर्दा हे दिदीहरू जब यो सूर्य र चन्द्र जस्ता महान सृष्टि आफ्नो पालनकर्ताले बनाएको नियम र समयसीमाको उल्लंघन गर्दैनन् बरु उसले बनाएको नियमानुसार कार्यरत छन् त हामी मानवजाति नै किन उल्लंघनकारी बन्ने । यति मात्र होइन बरु यस ब्रह्माण्डका समस्त वस्तुहरू त्यसै अल्लाहले बनाएको नियमानुसार नै गतिशील छन्, र कुनै पनि

कुरा चाहे त्यो वायु होस् वा आकाश, पानी होस् वा बादल...आदि सबै उसै अल्लाहको नियम र आदेशानुसार कार्यरत छन् र उसले बनाएको कानूनको अतिक्रमण गर्दैनन् । ती सबै कुराहरू जुन यस ब्रह्माण्डमा पाइन्छन् सबै आफ्नो पालनकर्ताको निर्धारित सीमाबाट प्रसन्न छन् । तर हामी मानवजातिलाई के भएछ त्यस अल्लाहका सीमाहरूलाई हामी किन भारी ठान्दछौं र त्यसबाट बाहिर निस्कन किन प्रयास गर्छौं आफै विचार गर्नुस् ।

यादराख हे हव्वाकी छोरीहरू यदि तिमीहरूले इस्लामको निर्देशनको उल्लंघन गर्‍यौ भने प्रलयको दिन तिम्रो त्रियाचरित्र काम लाग्ने छैन । तर्सथ अल्लाहले निर्धारित गरेका सीमा भित्र रही आफ्नो कर्तव्यको पालना गर, जस्तोकि सहाबियाहरूले तिमीहरूभन्दा अघि नै गरिन् । र हजरत हाज्राको ईमानलाई स्मरण गर जब हजरत इब्राहीमले उहाँलाई मक्काका मरुस्थलमा छाडेर जानलागे जहाँ नत पानी थियो न भोजन, नत कुनै घर थियो नत मान्छे । त जब इब्राहीम हजरत हाज्रा र उहाँको शिशु हजरत इस्माईललाई छाडेर जानलागे त भनिन्: हे इब्राहीम हामीलाई यो मरुस्थलमा छाडी कहाँ जाँदैछौ, तर हजरत इब्राहीले केही उत्तर दिएनन् त तीन पटक यस्तै उत्तर पाए पश्चात भनिन्: कि के यो अल्लाहको आदेश हो, त इब्राहीमले भने: हो यो हाम्रो पालनहारको नै आदेश हो, त हाज्राले भनिन् यदि अल्लाहको यो नै आदेश छ भने त्यो हामीलाई अवश्य आफ्नो शरण प्रदान गर्नेछ र हाम्रो सुरक्षा स्वयम् गर्नेछ ।

त हे दिदीबहिनीहरू हजरत हाज्रा झै आफ्नो पालनहार प्रति आस्था राख शैतान तिम्रो केही विगार्न सक्दैन र अल्लाह तपाईहरूलाई दुवै लोकमा सम्मानित गर्नेछ ।
यस्तै यादगर त्यस केटीलाई जसको आमाले भनिराखेकी थिइन् कि हे छोरी दूधमा पानी मिसाइहाल त त्यस केटीले भनीः कि मत अब दूधमा पानी मिसाउदिन, त आमाले आश्चर्यचकित भई सोधिन् कि हे छोरी तँलाई के भएछ आज पानी किन मिसाउँदैनस्,? त छोरीले भन्योः हे आमा मैले खलीफ उमरलाई भन्दै सुनेकी छु कि दूधमा पानी मिसाई बिक्री गर्नु ठूलो अपराध हो, त आमाले भनिन्ः हे छोरी पानी मिसाइहाल उमर कहाँ यसबखत हेरिराखे छन्? त त्यस केटीले भन्योः हे आमा उमर हेरिरहेका छैनन् तर अल्लाह त हेरिरहेको छ त्यो त सूक्ष्मदर्शी छ । यस निष्ठावान केटीलाई अल्लाहले यस संसारमा र परलोकमा पनि सम्मानित बनायो र जब सम्म यो संसार रहन्छ यस केटीलाई याद राखिन्छ ।
त हे दिदीबहिनीहरू यसै केटी झैं आफनो ईमानलाई सुदृढ बनाऊ र अल्लाहसित मात्र डर तिमीलाई दुनियाको कोही शक्ति हानि पुऱ्याउन सक्दैन ।
हे हाम्रा दिदीबहिनीहरू परदाको बारेमा मैले यति विस्तारले लेखेको उद्देश्य मात्र यो नै हो कि यो नै सबैभन्दा ठूलो हतकनडा वा माध्यम हो जसद्वारा महिलाहरूलाई भ्रमित गरिन्छ, र यदि यसकुरामा महिलालाई भ्रमित गर्नुमा पाखण्डीहरू सफल भएभने चरणबद्ध तरिकाले अरु सबै क्षेत्रमा सरलताको साथ महिलाहरूलाई फकाई उनीहरूको हकअधिकारको दमन गर्ने दुष्प्रयास गरिन्छ ।

# इस्लाममा नारीको सम्मान

हाम्रो समाजमा र यस पूर्ण संसारमा नारीलाई तीन हैसियतले जानिन्छ अर्थात यिनीहरूलाई तीन वर्गामा बाँट्न सकिन्छ आमा, छोरी, स्वस्नी। र इस्लामले उपरोक्तका सबै हैसियतमा यिनीहरूलाई सम्मानजनक पदमा विराजमान गरेको छ।

**नारी आमाको रूपमा :**

आमाको जति सम्मान इस्लामले गर्ने आदेश गरेको छ शायद कसै आर्को धर्ममा यसको उदाहरण मिलोस्। अल्लाहको फर्मान छ :

अर्थ : र हामीले मानिसलाई उसको आमा-बाबुको सम्बन्धमा सचेत गरेकाछौं, कि यसको आमाले कष्टमाथि कष्ट सहेर उसलाई गर्भमा बोकी राख्छे र दुई वर्षमा उसको दूध छोडाउनु पर्ने हुन्छ ! जसबाट तिमीले मेरो र आफ्नो आमा बाबुको कृतज्ञता प्रकट गर। (किनकि) मतिरै फर्कि आउनु पर्नेछ। ( सूरतु लुकमान १४ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : र हामीले मानिसलाई आफ्ना आमा बाबुसँग राम्रो व्यवहार गर्न आदेश दिएका छौं। उसकी आमाले उसलाई पेटमा दुःखका साथ राखिन् र उसलाई दुःखका साथ जन्म पनि दिइन्। र उसको गर्भको अवस्थामा रहने र दूध छोडाउने अवधि ३० महिना छ। यहाँसम्म कि जब ऊ खुब तन्नेरी भयो र ४० वर्षको उमेर भयो। तब उसले भन्यो : "हे मेरो पालनकर्ता ! मलाई अवसर देऊ ताकि म तिम्रो त्यस अनुकम्पाप्रति कृतज्ञता देखाऊँ जुन कि तिमीले ममाथि र मेरा

मातापितामाथि गरेका छौं । र यो कि यस्तो राम्रो कार्य गरूँ जुनकि तिमीलाई प्रिय छ, र मेरो लागि मेरा सन्ततिलाई पनि असल बनाई देऊ । म तिमीतिर प्रवृत्त हुन्छु र म आज्ञाकारी मध्ये छु । ( सूरतुल् अहकाफ १५ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : र तिम्रो पालनकर्ताले स्पष्ट आदेश गरेको छ कि ऊ बाहेक तिमी कसैको पूजा नगर र आमा-बाबुको साथमा नम्र व्यवहार गर्दै गर यदि तिनीहरूमध्ये एउटा वा दुवै तिम्रो अगाडि वृद्ध अवस्थामा पुग्छन् भने तिनीहरूलाई तिरस्कृत नगर्नु नहप्काउनु अपितु तिनीहरूसँग सम्मानपूर्वक मर्यादित ढंगले कुराकानी गर्नु । र विनम्रतापूर्वक प्यारका साथ तिनीहरूको अगाडि सुशील भइराख र तिनीहरूको निम्ति प्रार्थना गर्ने गरः कि हे पालकर्ता जुन प्रकार कि तिनीहरूले मलाई बाल्यावस्थामा (मायाँले) पालन-पोषण गरेका छन्, तिमीले पनि तिनीहरूमाथि त्यस्तै दया गर । ( सूरतुल् इस्रा २३,२४ )

र हदीसमा वर्णन छ कि : “ आमाको पाइलामुनि तिम्रोलागि स्वर्ग छ ” । ( सुनने नेसाई )

र आर्को हदीसमा वर्णन छ :

अर्थ : एउटा मान्छेलो रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोध्यो कि हे अल्लाहका रसूल अल्लाह र रसूल पश्चात सबैभनदा अधिक आदर सम्मानको अधिकारी को हो ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः तिम्रो आमा .... ३ पटक, र चोथो पटक भन्नु भयोः तिम्रो बुवा । ( बुखारी )

त इस्लाममा आमाको स्थान पिताबाट तीन गुणा बढिछ जस्तो यस हदीसबाट प्रष्ट हुन्छ ।

**<u>नारी पत्नीको रूपमा :</u>**

नारीलाई अल्लाहले पुरुष झैं सम्मान र दर्जा प्रदान गरेको छ र केही वस्तुमा नारीलाई प्राथमिकता दिएको छ केहीमा नरलाई, जस्तोकि मैले यो कुरा अघि नै वर्णन गरिसकें तैपनि अरु प्रमाण हेर्नुस् ।

अल्लाहको फर्मान छ :

अर्थ : रोजाको रात्रीमा तिमीलाई आफ्नो स्वास्नीसित सहवासको अनुमति दिइएको छ । तिनीहरू तिम्रा बस्त्र हुन् र तिमीहरू उनका बस्त्र हौ । अल्लाहलाई त्यस कुराको जानकारी छ जुन कि तिमीहरूले गोप्य रूपले गर्दथ्यौ । ( तसर्थ) उसले तिमीमाथि कृपा गरी तिम्रो क्षमायाचना स्वीकार गरी तिम्रो क्रियाकलापहरूलाई क्षमा गरिदिया...। ( सूरतुल् बकर: १८७ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

अर्थ : र (यो पनि) उसको निशानीहरूमध्ये हो कि उसले तिम्रै सहजातिबाट तिम्रो लागि जोडी (स्वास्नीहरू) सृष्टि गर्‍यो, ताकि तिमी उनीबाट आराम (संतुष्टि) प्राप्त गर र उसले तिम्रो बीचमा प्रेम र सहानुभूति सृष्टि गर्‍यो, निश्चयनै यसमा धेरै निशानीहरू छन्, उनको लागि जो सोचविचार गर्दछन् । ( सूरतुर्रूम २१ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

अर्थ : मोमिन पुरुष, स्त्रीहरू परस्पर एक–अर्काका सहायक र मित्र हुन् उनीहरूले राम्रा कुरा गर्न भन्दछन् र नराम्रा कुराबाट रोक्दछन् ...। ( सूरतुत्तौबा ७१ )

र हदीसमा वर्णन छ :

अर्थ : पूर्ण संसार लाभदायक कुरो हो र यससंसारमा सर्वोत्कृष्ट कुरो असल स्वास्नी हो । ( सुनने अबी दाऊद, सुनने इब्ने माजा )

र आर्को हदीसमा छ :

अर्थ : तिमी मध्ये सर्वोत्तम र सर्वश्रेष्ठ मान्छे त्यो हो जुन आफ्नो पत्नी निकट राम्रो र श्रेष्ठ होस.... । ( बुखारी )

र यस जस्ता अरु प्रमाणहरूले इस्लामी ग्रन्थहरू पूरिएका छन् जसबाट यो ज्ञात हुन्छ कि अरु धर्महरू झैं इस्लाममा पत्नीलाई घृणायोग्य वस्तु मानिदैन बरु त्यसले श्रेष्ठ भनेको मान्छे नै श्रेष्ठ ठहरहुनेछ जस्तोकि उपरोक्तका प्रमाणहरूबाट स्पष्ट भयो, र त्यो कुनै जुत्ता होइन कि त्यसलाई मनलागेमा लगाइहाल नत्र तयसलाई परिवर्तित गरिहाल । बरु त्यसको पनि त्यति नै अधिकार छ जति पुरुषको र यसकुरालाई अगाडि नै सिद्ध गरिसकेको छु ।

**नरी छोरीको रूपमा :**

छोरी त इस्लाममा स्वर्ग प्राप्तिको माध्यम हो र बाबुको गौरव हो । रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

अर्थ : छोरीको जन्ममा दुखी नहोऊ र त्यसको पालनपोषणमा कन्जूसी नगर त्यसको पालनपोषणले गर्दा तिमी स्वर्गका अधिकारी बन्नेछौ । ( बुखारी )

र आर्को हदीसमा छ :

अर्थ : जस मान्छेकहाँ केटीहरू जन्मन्छिन् र त्यो उनीहरूको राम्रो पालनपोषण गर्छ भने ती छोरीहरू नै त्यसलाई नर्कबाट बचाउने परिधान सिद्ध हुन्छिन् । (मुस्लिम)

तर आजको समाजमा छोरीको जन्मलाई त्यसै घृणाको दृष्टिले देखिन्छ जसरी काफिरहरू हेर्दथे । अल्लाहको कथन छ :

अर्थ : जब तिनीहरू मध्ये कसैलाई छोरी (जन्मेको) समाचार प्राप्त हुन्छ, त उसको अनुहार (दु:खले) कालो भइहाल्छ र उसको हृदय दु:खी भइहाल्छ । र यस नराम्रो समाचारबाट अन्य मानिसहरूबाट लुक्दै हिंड्छ र सोच्दछ कि अपमान सहेर यसलाई जीवित रहन देओस् वा जमीन मुनि गाडिदेओस् । हेर, यिनीहरूले कस्तो नराम्रो निर्णय गर्दछन् । ( सूरतुन् नहल ५८,५९ )

हाम्रो समाजमा छोरीसित यस्तो व्यवहार किन ? किनकि छोरीलाई दाइजोको रूपमा धेरै धनराशि दिनुपर्छ तर जुन तपाईहरूले त्यसको जायज धनराशि खाइदिन्छौ त्यसको कुनै आँकलन छैन । दाइजो इस्लामीय दृष्टिले जायज छैन तर जब तिमीहरूले त्यसको वैध हक जुन इस्लामले महिलालाई त्यसका समस्त रूपमा प्रदान गरेको छ पैतृक सम्पत्तिको रूपमा त्यसलाई खाइदियौ, अनि अल्लाहले तिमीमाथि दाइजोको प्रकोपलाई अवतरित गर्‍यो यसबाट बाँच्ने एउटै मार्गछ त्यो हो महिलाका अधिकारलाई त्यसलाई दिइहाल दाइजोप्रथा आफै नष्ट हुनेछ ।

इस्लामले छोरीलाई रहमत सवर्था दया भनेको थियो तर हामीले आफ्नो कुरीतिको कारण त्यसलाई सर्वथा प्रकोप ठान्यौं र तयसको गर्भमै हत्या गर्न थाल्यौं यस डरले कि

कताबाट त्यसलाई दाइजो दिन्छ, मेरो प्रश्न छ कि के तिमी दाता हौ वा त्यो सर्वशक्ति सम्पन्न जुन समस्त ब्रह्माण्डको दाता हो त्यसको त फर्मान छ :

अर्थ : र आफ्ना सन्तानहरूलाई विपन्नताको डरले नमार ( किनभने) उनीहरूलाई, र तिमीलाई हामीलेनै जीविका प्रदान गर्दछौं । यसमा कुनै सन्देह छैन कि यिनीहरूलाई मार्नु गम्भीर पाप हो । ( सूरतुल् इस्रा ३१ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

अर्थ : निःसन्देह ती मानिसहरू घाटामा परिहाले जुन आफ्नो सन्तानलाई मूर्खता र अज्ञानताको कारणले हत्या गरे...। ( सूरतुल् अनआम १४० )

# सम्पत्तिमा महिलाको अधिकार

पैतृक सम्पत्तिमा महिलाहरूको पनि भाग इस्लामले निर्धारित र सुनिश्चित गरिदिएको छ। आमाको रूपमा तयसलाई पूर्ण सम्पत्तिको तिहाई मिल्नेछ जब मृतकको कोही छोरो न होस् र छोरो भएको खण्डमा आमालाई पूर्ण सम्पत्तिको छठौं भाग मिल्नेछ यदि धेरै भाइहरू नहोऊन् । र छोरीको रूपमा तयसलाई छोराको भागको आधा मिल्ने छ, र यदि त्यसको कुनै भाइछैन भने त्यसलाई पूर्ण सम्पत्तिको आधा भाग मिल्नेछ, तर यदि भाइ त छैन तर त्यसकी दिदीबहिनीहरू छिन् भने सबैलाई सम्पूर्ण धनको दुई तिहाई मिल्नेछ जसलाई सबै दिदीबहिनीहरू आपसमा बाँटेर लिनेछिन् । र पत्नीको रूपमा नारीलाई पूर्ण सम्पत्तिको चौथाई मिल्नेछ यदि मृतकका कुनै सन्तान छैनन्, र सन्तान भएको खण्डमा पत्नीलाई पूर्ण सम्पत्तिको आठौं भाग अवश्य मिल्नेछ । अर्थात इस्लामले महिलाको अधिकार हरेक अवस्थामा सुनिश्चित गरिदिएको छ । तर हाम्रो समाज उनको हक र अधिकारलाई पूर्णतः हनन् गरिरहेको छ। अल्लाहको फर्मान छ :

अअर्थ : र मृतकको सारा माल समेटेर खाइदिन्छौ । ( सूरतुल् फज्र १९ )

महिलाहरूको हक अधिकारलाई सुनिश्चित गर्दै अल्लाह भनेका छन् :

अर्थ : जुन सम्पत्ति आमा बाबु र नातागोताले छाडी मर्दछन्, थोरै होस् अथवा धेरै, त्यसमा लोग्ने मानिसको अंश छ र

आईमाईहरूको पनि। (यी अंशहरू) निर्धारित गरिएका हुन्। ( सूरतुन् निसा ७ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

अर्थ : अल्लाहले तिम्रा सन्तानहरूको सम्बन्धमा तिमीलाई आदेश गर्दछ कि एउटा छोराको अंश दुईटा छोरीहरूको अंशको बराबर छ र यदि मृत्तकका छोरीहरू मात्र छिन् र दुई भन्दा बढी छिन् भने तिनलाई मृतकको सम्पत्तिबाट दुई तिहाई र यदि एउटी छोरी मात्र छिन् भने उसलाई आधा, र मृतकका आमा बाबु प्रत्येकलाई मृतकले छोडेको सम्पत्तिको छैठौं भाग अंश हो, मृतकका सन्तानहरू भएको खण्डमा। यदि मृतकको सन्तान नभए र मात्र आमा बाबु नै उसको हक्वाला भएको अवस्थामा, एक तिहाई आमाको अंश र यदि मृत्तकका दाजुभाइ पनि छन् भने आमाको छैठौं अंश हो, मृतकको सम्पत्तिको यो अंशवण्डा मृतकले गरेको इच्छापत्रको कार्यान्वयन पछि मात्र वा मृतकले लिएको ऋणको भुक्तानी गरेपछि मात्र गर्नु पर्छ। तिमीलाई थाहा छैन कि तिम्रा बाब वा छोरा मध्ये तिमीलाई फाइदाको दृष्टिकोणले कुन चाहीँ धेरै नजिक छ। यी अंशभाग अल्लाहबाट निर्धारित गरिएका हुन् र नि:संदेह अल्लाह सर्वज्ञ र कौशलवाला हो। जुन सम्पत्ति तिम्रा स्वास्नीहरू छोडेर मर्दछिन् यदि तिनका सन्तानहरू छैनन् भने, त्यसबाट आधा भाग तिम्रो हुनेछ र यदि उनको सन्तान छन् भने छाडेर गएको सम्पत्तिबाट तिम्रो भाग एक चौथाई हुन्छ। (तर यो विभाजन) मृत्तकको त्यस इच्छा पत्रको कार्यान्वयन पश्चात हो जुन उसले गरेर गएको छ र उसले लिएकी ऋण तिरिसकेपछि गरिने छ, र जुन सम्पत्ति तिमी (

पुरुषले) छाडेर मर्छौं र यदि तिम्रा सन्तानहरू छैनन् भने तिम्रा स्वास्नीहरूको त्यसबाट एक चौथाई भाग छ र यदि सन्तान छ भन्ने तिनलाई आठौं भाग छ। (यी भागहरू) तिम्रो इच्छापत्रको कार्यान्वयन पश्चात हो जुन तिमीले गरेका छौ र ऋणको (भुक्तानी पछि) बाँडिने छन् । र यदि यस्तो पुरुष अथवा स्वास्नी मान्छेको सम्पत्ति छ, जसको न बाबु छ न छोरा उसको एक दाजु वा भाइ अथवा एक दिदी वा बहिनी छन् भने त्यसबाट प्रत्येकलाई छैठौं भाग हुन्छ र एक भन्दा बढी छन् भने सबै एक तिहाईमा सहभागी हुनेछन्। (यी अंशहरू पनि) इच्छापत्र पूरा भएपछि तथा ऋण तिरेपछि यो शर्तमा कि कसैलाई हानि नोक्सानी न पुगेको होस्। यो अल्लाहको तर्फबाट निर्धारित गरिएको हो र अल्लाह सर्वज्ञ तथा सहनशील छ। यी सीमाहरू अल्लाहबाट निर्धारित गरिएका हुन् र जसले अल्लाह र उसको पैगम्बरको आज्ञा पालन गर्नेछ, उसलाई अल्लाहले जन्नतमा प्रवेश दिनेछ, जसको मुनि नहरहरू बगिराखेका छन् । जसमा तिनीहरू सधैं बासगर्ने छन् र यो ठूलो सफलता हो । र जसले अल्लाह र उसको रसूलको आज्ञा उल्लघंन गर्नेछ र उसबाट निर्धारित सीमाको अतिक्रमण गर्दछ, त्यसलाई अल्लाहले नर्कमा हाल्ने छ, जसमा कि ऊ सधैं रहने छ र त्यस्तैलाई यो अपमानजनक सजाय हो । ( सूरतुन् निसा ११-१४ )

यति मात्र होइन इस्लामले महिलाको हक अधिकार जीवनका प्रत्येक क्षेत्रमा सुनिश्चित गरेको छ र त्यसलाई पुरुष झैं सम्मान दिएको छ चाहे त्यो जुन सुकै क्षेत्र पनि होस् तर

हाम्रो समाज र त्यसमा बस्ने कपटीहरु यिनी महिलाहरूको हक हनन् गर्ने दुष्प्रयासमा लागिएका छन् किनकि महिलाहरूलाई आफ्नो सम्मान र अधिकारको ज्ञान नै छैन। इस्लामले पुरुषलाई विवाहको लागि रोज्ने छूट दिएको छ त महिलालाई पनि रोज्ने छूट दिएको छ बरु त्यसभन्दा बढी अधिकार दिएको छ कि महिलाले निकाहलाई स्वीकार नगरुन्जेल विवाहनै सम्पन्न हुन्न, जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

अर्थः विधवासित (सैयिबा) तब सम्म निकाह गरिदैन जब सम्म त्यससित नसोधियोस्, र कुमारीसित तब सम्म निकाह गरिदैन जब सम्म त्यसबाट स्वीकृति नलिइयोस्। ( बुखारी, मुस्लिम ) यस्तै पुरुषलाई तलाक दिने छूटछ त महिलालाई पनि खुला ( तलाक परुषको हातमा हुन्छ तर खुला महिलाको हातमा र दुवैको उद्देश्य एउटै हो सम्बनध विच्छेद ) गराउने छूट दिएको छ जस्तोकि अल्लाहको फर्मान छ :

अर्थ : यी तलाकहरू दुई पटक गर्न सकिन्छ त्यसपश्चात या त तिनीहरूलाई (स्वास्नीलाई) राम्रो तरिकाले (पत्नीत्वमा) राख्नु अथवा सदव्यवहारको साथ विदा गर्नु र यो अनुचित छ कि जुन कुरा तिमीले तिनीहरूलाई दिसकेका छौ, त्यसमध्ये केही फिर्ता लिनु। हो ! यो अर्कै कुरा हो कि दुवैलाई अल्लाहबाट निर्धारित गरिएका सीमाहरूको पालना नगर्न सक्ने संभावनाबाट डर होओस्। यसर्थ यदि यो डर छ कि तिमीहरू अल्लाहद्वारा निर्धारित सीमा कायम राख्न सक्दैनौ भने पत्नीले (पतिबाट) मुक्त हुन पाएको बदला केही दिनुमा दुवैलाई कुनै पाप लाग्दैन। ( सूरतुल् बकरः २२९ )

त प्रष्ट यो भयो कि महिला पनि केही दिएर खुला अर्थात सम्बन्धविच्छेद गराउन सक्छे । र हदीसमा वर्णन छ : " कि साबित बिन कैसकी स्वास्नी नबी सल्लल्लाहो अलैहे वसल्लम समक्ष खुला गराउने अर्थात सम्बन्धविच्छेद गराउने उद्देश्यले आइन् र उहाँसित आफ्नो अभिप्रया प्रस्तुत गरिन्, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भने: कि के तिमी त्यसले मेहरमा दिएको बगैचालाई फिर्ता गर्नेछौ ? त साबितकी श्रीमतीले भनिन् : हो म फिर्ता र्गन त्यार छु, अनि उहाँले दुवैबीच सम्बन्धविच्छेद गर्ने आदेश दिनुभयो" । ( बुखारी )

र यस्तै बुवाको सम्मान गर्ने आदेश छ त आमाको त्यसभन्दा तीन गुणा बढी सम्मान गर्ने आदेश छ, अल्लाहको भनाई छ :

अर्थ : र हामीले मानिसलाई उसको आमा-बाबुको सम्बन्धमा सचेत गरेकाछौं, कि यसको आमाले कष्टमाथि कष्ट सहेर उसलाई गर्भमा बोकी राख्छे र दुई वर्षमा उसको दूध छोडाउनु पर्ने हुन्छ ! जसबाट तिमीले मेरो र आफ्नो आमा बाबुको कृतज्ञता प्रकट गर । (किनकि) मतिरै फर्कि आउनु पर्नेछ । ( सूरतु लुकमान १४ )

बरु आमाको पाइलामुनि स्वर्ग नै बताइएको छ । र हदीसमा वर्णन छ कि : " आमाको पाइलामुनि तिम्रोलागि स्वर्ग छ " । ( सुनने नेसाई )

पुरुष आफ्नो बलशालिताको कारण प्रधान छ त महिला आफ्नो कोमलता स्नेह र प्रेमले प्रधानछे । अल्लाहको भनाई छ :

अर्थ : र हामीले मानिसलाई आफ्ना आमा बाबुसँग राम्रो व्यवहार गर्न आदेश दिएका छौं । उसकी आमाले उसलाई

पेटमा दु:खका साथ राखिन् र उसलाई दु:खका साथ जन्म पनि दिइन् । र उसको गर्भको अवस्थामा रहने र दूध छोडाउने अवधि ३० महिना छ... । ( सूरतु अह्काफ १५ )
र हदीसमा वर्णन छ :
अर्थ : एउटा मान्छेलो रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोध्यो कि हे अल्लाहका रसूल अल्लाह र रसूल पश्चात सबैभनदा अधिक आदर सम्मानको अधिकारी को हो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: तिम्रो आमा .... ३ पटक, र चोथो पटक भन्नु भयो तिम्रो बुवा । ( बुखारी )
अर्थात समस्त क्षेत्रमा इस्लामले महिलाको इज्जत सम्मान मान मर्यादाको सुरक्षा नै गरेछ तापनि कतिपयजना इस्लामको यस समानता र सुरक्षालाई दोषी नै ठहर गर्ने प्रयासमा हुन्छन् ।
त हे दिदीबहिनीहरू ! आफ्नो सम्मान आफै गर्नुस् र अल्लाहको डोरीलाई सुदृढताको साथ समात्नुस् त्यसै अल्लाहको गुणगान गर्नुस् जसले तपाईलाई यो सबै सम्मान प्रदान गरेको छ । र त्यसका सीमाहरूको अतिक्रमण गरी त्यसको शरापको पात्र नबन्नुस् ।
हे दिदीहरू हो ! तपाईको योग्दान र परोपकार यस संसारमाथि सबैभन्दा अधिक छ तिम्रै पाइला मुनि स्वर्ग छ तिमी नै त्यो आमा हौ, र तिमीले यस संसारलाई योग्दान नदिएमा यो संसारमा मानवजातिको निरंतरता कसरी कायम रहनसकेको हुन्थ्यो । तिमी नै त्यो आमा हौ जसको कोखबाट समस्त सन्देष्टाहरू जन्मे र समस्त संसारलाई सुमार्ग देखाए, यदि यस ंसारमाथि अल्लाह पश्चात कसैको उपकार सराहनीय

छ त त्यो तिमीहरूको मात्र छ जसको गर्भबाट नबी, वली, श्रृषि, मुनि जन्मे । त हे महिलावर्ग आफ्नो यस सम्मानलाई कायम राख्ने प्रयास गर, र केही पथभ्रमित मान्छेहरूको फकाईमा आएर आफ्नो मर्यादा र सीमाको उल्लंघन नगर । तिम्रो लागि जुन अल्लाहले रोजेका छन् त्यो नै तिम्रो लागि उचित छ, तयसैमा प्रसन्न हुने बानी बसाल र जेपनि निर्देशन अल्लाह र उसको रसूलले वर्णन गरेका छन् त्यसै बमोजिम कार्यरत रही आफ्नो घर स्वर्गमा बनाऊ ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शितल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौं त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780-
9727649238
00966-0501372254
Email- atiqkhannp1982@yahoo.com